# शुक्लागण्डकी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुलेगौडा, तनहुँ

गण्डकी प्रदेश, नेपाल

फोनः ०६५-४१४१०५,४१४३०५

इमेलः info@shuklagandakimun.gov.np


## आ.ब. २०७५/७६ को ढुंगा, गिट्टी, बालुवा,ग्राभेल उत्खनन् गरि बिक्रि गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७५ भाद्र २९ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) ले दिएको अधिकार प्रयोग गरीयस शुक्लागण्डकीनगर कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७५/०७६को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईटwww.shuklagandakimun.gov.npतथा कार्यालय समय भित्र यस नगरकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टि, बालुवा, ग्राभेल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करकोठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/खोला हरुको विवरण | प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, २०७५ अनुसारको उत्खनन गरिने घाटको विवरण | बार्षिक उत्खनन गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ४-०७५/७६ | | पुडीघाट दोभान दायाँ किनारा (पुडीखोला दोभानबाट १६० मि. तलदेखि ६०० मि. तलसम्म) | ६०२१ | रु. ८,५०,०००।- (आठ लाख पचास हजार मात्र) | रु.३,०००।- | |
| ५-०७५/७६ | | हलेदीघाट बाँया किनारा (झोलुङ्गे पुलबाट २०० मि माथि देखि ५१० मि माथि सम्म) | १०७७३ | रु.१५,२०,५००।- (पन्ध्र लाख बीसहजार पाचसय मात्र) | रु. ३,०००।- | |
| ६-०७५/७६ | | तालवेसी घाट दायाँ किनारा, (झोलुङ्गे पुलबाट २०० मि तलदेखि ४५० मि. तल सम्म) | ५२१४ | रु.७,३६,०००।- (सातलाख सत्तीस हजार मात्र) | रु. ३,०००।- | |
| ७-०७५/७६ | सेती नदी | सखारे १ न. घाट बायाँ किनारा (चेवनधामबाट २०० मि. दक्षिण पश्चिम देखि ४२५ मि. दक्षिण पश्चिम सम्म) | १२०५३ | रु.१८,००००००।० (अठार लाख मात्र) | रु. ३,०००।- | |
| ८-०७५/७६ | | सुरौदी दोभान दायाँ किनारा (सामुदायिक बनको पुर्वी किनारा) | १०६३७ | रु.१५,०१०००।० (पन्ध्रलाख एक हजार मात्र) | रु. ३,०००।- | |
| ९-०७५/७६ | | पुल्चोक घाट दायाँ किनारा (गुरुङ्ग चिहानको पारिपट्टी) | ३९५१ | रु.५,५८,०००।० (पाँचलाख अन्ठाउन्न हजार मात्र) | रु. ३,०००।- | |
| १०-०७५/७६ | | किमलडाँडा ख घाट दायाँ किनारा | १७४०० | रु.२४,५६,०००।० (चौविस लाख छपन्न हजार मात्र) | रु.३०००।० | |
| ११-०७५/७६ | | किमलडाँडा क घाट दायाँ किनारा | ५४३६ | रु.७,६७,०००।० (सातलाख सतसठ्ठी हजार मात्र) | रु. ३,०००।- | |
| १२-०७५/७६ | | कसेरी घाट बायाँ किनारा | ९२४२ | रु. १३,०५,०००।० (तेह्रलाख पाँच हजार मात्र) | रु. ३,०००।- | |
| १३-०७५/७६ | | दुरदुरे घाट बायाँ किनारा भानुभक्त क्याम्पस पछाडी | २३६५६ | रु.३३,३९,०००।० (तेत्तीस लाख उन्चालिस हजार मात्र) | रु.३०००।० | |
| १४-०७५/७६ | | क्याग्दी दोभान दायाँ किनारा | ३३८७ | रु.४,७८,०००।० (चारलाख अठहत्तर हजार मात्र) | रु. ३,०००।- | |
| १५-०७५/७६ | | क्याग्दी १ बीच भाग (क्याग्दी -दग्दी दोभान) | १२९२ | रु.१,८३,०००।० (एकलाख त्रियासी हजार मात्र) | रु. ३,०००।- | |
| १६-०७५/७६ | | क्याग्दी २, बायाँ किनारा | १०८९ | रु.१,५४,०००।० (एकलाख चौवन्न हजार मात्र) | रु. ३,०००।- | |
| १७-०७५/७६ | | क्याग्दी ३, बायाँ किनारा | ६०८ | रु.८५,९००।० (पचासी हजार नौसय मात्र) | रु. ३,०००।- | |
| १८-७५/७६ | क्यादी नदी | क्याग्दी ४, दायाँ किनारा | १५३८ | रु.२,१७,०००।० (दुइलाख सत्र हजार मात्र) | रु. ३,०००।- | |
| १९-०७५/७६ | | क्याग्दी ५, बायाँ किनारा | १३३३ | रु.१८९,०००।० (एकलाख उनानब्बे हजार मात्र) | रु. ३,०००।- | |
| २०-०७५/७६ | | क्याग्दी ६, बायाँ किनारा | ५२८ | रु. ७५,०००।०(पचहत्तर हजार मात्र) | रु. ३,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१-७५/७६ | | क्याग्दी ७, बायाँ किनारा | ५२४६ | रु.७,४१,०००।० (सातलाख एकचालिस हजार मात्र) | रु. ३,०००।- | |
| २२-०७५/७६ | | क्याग्दी २, दायाँ किनारा, सेराफाट | ९०८ | रु.१,२८,५००।० (एकलाख अठ्ठाइस हजार पाँचसय मात्र) | रु. ३,०००।- | |

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**क. शर्तहरु :**

१. ठेक्का अवधी २०७५ सालको असोज १ गतेदेखी २०७६ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ।

२.यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र शुक्लागण्डकी नगरपालिकाको कार्यालय, दुलेगौडाबाट खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र नगरपालिका कार्यालय, दुलेगौडामा दर्ता गर्नुपर्ने छ। दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.० बजे खोलिनेछ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टिठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ। बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नगरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ। धरौटी वापत यस शुक्लागण्डकी नगरपालिका कार्यालय, दुलेगौडाको नाममा रहेको एन.आई.सि एसिया बैंककोचल्ती हिसाव नं.A ३४१४९८६५३५२४००४ ग ३धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा "क" वर्गको बाणिज्य बैंकबाट जारी गरेको कम्तीमा २०७६ जेठ मसान्त सम्म मान्य हुने विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एन.आई.सी एसिया बैंक, दुलेगौडा शाखामा रहेको मूल कोष खाता नं. A ३४१४९८६५३५२४००१ ग ४ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद पेश गर्नुपर्ने छ।

७ बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैनन्।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढीवालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहतिको बोलपत्र स्विकार्य हुने छैन।

१०. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ।साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

११.बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिइनेछ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अङ्कको ४०% ले हुन आउने रकम |
| दोस्रो | २०७५ साल माघ मसान्त भित्र | कबोल अङ्कको ३०% ले हुन आउने रकम |
| तेस्रो | २०७६ बैशाख मसान्त भित्र | कबोल अङ्कको बाँकी ३०% ले हुन आउने रकम |

१३. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ। रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५ को अनुसुची ६ मा उल्लेख भए बमोजिम हुनेछ। सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ।

१४. प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१५. नगरपालिका कार्यालय दुलेगौडाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन।

१७ राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ह्राट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन

१८. ठेकेदारले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ।

१९. नगरपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगढी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगढी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा नगरपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

२०. ढुङ्गा, बालुवा, ग्राभेल, गिट्टी उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ को पालना गर्नुपर्नेछ।

२१. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्राभेल, गिटी, निकाल्न पाइने छैन।

२२.नदी खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन। साथै ढुङ्गा, बालुवा, ग्राभेल, गिटी, भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाइने छैन। स्वीकृत प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिएर मात्र घाटगद्धी स्थल तोकेर प्रयोग गर्न पाईनेछ।

२३. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ। साथै ढुङ्गा, बालुवा, ग्राभेल, गिटी, आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

२४. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ।

२५. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

२६. ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ।

२७. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ।

२८. बिहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन। यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ।

२९. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ।

३०. नेपाल सरकारले बिक्रि कर छुटका लागि गरेका निर्णय बाहेक यस शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदी जन्य पदार्थ संकलन उत्खनन् गरे बापत नगरपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ। कसैले नगरपालिकाको प्राकृतिक श्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ।

३१. नगरपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।

३३.प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार शुक्लागण्डकी नगरपालिकामा सुरक्षित रहनेछ।

३४. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ बमोजिम हुनेछ।

३५. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म/संस्थाले प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५, गण्डकी प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत